फोन नं. ०६१-४६५५३६
०६१-४६५५५६
ईमेल mopid@gandaki.gov.np

गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

प.स : २०८२/०८३
च.न.

मिति: २०८३/०२/१२

## राईड सेयरिङ्ग सेवामा प्रयोग हुने सवारीको प्रकार अनुसारको भाडा दर सम्वन्धी सूचना

गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) (दोस्रो संशोधन) नियमावली, २०८३ को नियम १९ वमोजिम भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०८३/०२/११ (माननीय मन्त्रीस्तरीय) को निर्णयानुसार मिति २०८३/०२/११ देखि लागू हुने गरी देहाय वमोजिमको भाडादर कायम भएकोले सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१ राईड सेयरिङ्ग सेवामा प्रयोग हुने चार पाङ्ग्रे सवारीसाधन(पेट्रोल)को भाडादरः-

| क्र.सं. | विवरण | सिफारिस गरिएको भाडादर |
|---|---|---|
| १ | सुरुवाती भाडा | गण्डकी प्रदेशभित्र सञ्चालन हुने चार पाङ्ग्रे राईड सेयरिङ सेवाको सुरुवाती भाडा यात्रा सुरु हुनु अघिको सम्भावित निष्क्रिय दूरी आकर्षित हुने गरी रु.६० कायम गर्ने। |
| २ | प्रति कि.मि.भाडा दर | प्रति कि.मि. रु. ४८.५ कायम गर्ने। |
| ३ | आधार भाडा | सुरुवाती भाडा र प्रति दुई कि.मि. वरावर आधार भाडा हुनेछ जति सुकै कम दुरीको यात्रा भए पनि दुई कि.मि. वरावरको भाडा आकर्षित हुनेछ ।(६०+९७=१५७) |
| ४. | तोकिएको भाडादरमा छुट | तोकिएको भाडादरमा १० %छुट (पेट्रोलियम पदार्थवाट सञ्चालन हुने सवारी साधन)<br>तोकिएको भाडादरमा १५ %छुट (विद्युतीय सवारीसाधन) |

राईड सेयरिङ सेवामा आवद्ध चार पाङ्ग्रे सवारीसाधनले २ कि.मि सम्म आधार भाडामा नवढ्ने गरि एपमा व्यवस्था गर्नु पर्नेछ। २ कि.मि यात्रा पश्चात प्रति कि.मि. भाडा दर थप हुँदै जानेछ। [उदाहरणका लागी ३ किलोमिटरको लागि (१५७+ ४८.५=रु २०५.५) हुने गरि एपमा व्यवस्था गर्नुपर्नेछ।] उपयुक्त भाडामा अन्य कुनै शुल्क नजोड्ने गरि व्यवस्था गर्नु पर्नेछ।

उपसचिव

CamScanner

फोन नं. ०६१-४६५५३६
०६१-४६५५५६
ईमेल:mopid@gandaki.gov.np

गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

प.सं. : २०८२/०८३
चं.न.

२. राईड सेयरिङ्ग सेवामा प्रयोग हुने दुई पाङ्ग्रे सवारीसाधन(स्कुटर/ मोटरसाईकल)को भाडादरः-

| क्र.सं. | विवरण | सिफारिस गरिएको भाडादर |
|---|---|---|
| १ | सुरुवाती भाडा | गण्डकी प्रदेशभित्र सञ्चालन हुने दुई पाङ्ग्रे राईड सेयरिङ सेवाको सुरुवाती भाडा यात्रा सुरु हुनु अघिको सम्भावित निष्क्रिय दूरी आकर्षित हुने गरी रु.३० कायम गर्ने। |
| २ | प्रति कि.मि.भाडा दर | प्रति कि.मि. रु. १६.८५ कायम गर्ने। |
| ३ | आधार भाडा | सुरुवाती भाडा र प्रति एक कि.मि. बराबर आधार भाडा हुनेछ जति सुकै कम दुरीको यात्रा भए पनि एक कि.मि. बराबरको भाडा आकर्षित हुनेछ।(३०+१६.८५=४६.८५) |
| ४. | तोकिएको भाडादरमा छुट | तोकिएको भाडादरमा १० %छुट (पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारी साधन)<br>तोकिएको भाडादरमा १५ %छुट (विद्युतीय सवारीसाधन) |

३. माथि उल्लेखित भाडा दर र छुट सम्बन्धी प्रावधानहरु एपमा नै व्यवस्था गर्नु पर्नेछ।

उपसचिव
प्रवक्ता

CamScanner